का.जि.प्र.का.द.नं. १००/०५९/६०

१७ साउन २०७९,
मंगलबार
2 August 2022,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २०, अंक १७८ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



*नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली सोमबार साँझ पशुपतिनाथको आरतीमा सहभागी हुँदै । तस्वीर: फेसबुकको पेज बालकोटबाट*

## महंगीविरुद्ध प्रदर्शन

महंगी बढेकोमा जनआक्रोश छ । चुनावपछि अझ महंगी बढ्न सक्छ भनेर नागरिकहरु त्रसित रहेका बेला प्रमुख विपक्षी नेकपा एमालेले जनचासोको मुद्दालाई लिएर सोमबार राजधानीमा प्रदर्शन गरेको छ ।

**शिवराज परियार / मध्यान्ह**
काठमाडौं, १६ साउन ।

प्रमुख विपक्षी नेकपा एमालेले सोमबार राजधानीमा महंगी विरुद्ध प्रदर्शन गरेको छ । पछिल्लो समय बढेको महंगीप्रति जनआक्रोश छ । आसन्न प्रदेश र संघीय चुनावपछि अझ महंगी बढ्न सक्छ भनेर नागरिकहरु त्रसित रहेका बेला प्रमुख विपक्षी नेकपा एमालेले जनचासोको मुद्दालाई लिएर सोमबार राजधानीमा प्रदर्शन गरेको हो ।

> काठमाडौंको बसन्तपुरमा जम्मा भएका एमाले कार्यकर्ताहरुले छाता ओढेरै नारा लगाए, 'बढ्दो महंगी नियन्त्रण गर', 'मल छैन सरकार, कसरी चल्छ घरबार ?', मेरो उत्पादनको मूल्य कति हो सरकार ?'




प्रदर्शनका क्रममा एमाले कार्यकर्ताले महंगीका साथसाथै भ्रष्टाचार तथा अनियमितताको विषय पनि उठाएका छन् । सरकारले महंगी, भ्रष्टाचार र अनियमितता निष्यन्त्रण गर्न नसकेकबो एमाले कार्यकर्ताको आरोप छ ।

काठमाडौंको बसन्तपुरमा एमाले कार्यकर्ताहरु जम्मा हुँदा पानी परिरहेको थियो । छाता ओढेरै उनीहरुले नारा लगाए, 'बढ्दो महंगी नियन्त्रण गर', 'मल छैन सरकार, कसरी चल्छ घरबार ?', मेरो उत्पादनको मूल्य कति हो सरकार ?' बसन्तपुरबाट सुरु भएको प्रदर्शन भोटाहिटी हुँदै शान्ति बाटिकामा पुगेर सभामा परिणत भएको थियो ।

उक्त सभालाई नेकपा एमालेका महासचिव शंकर पोखरेलले सम्बोधन गरे । सभालाई सम्बोधन गर्दै सरकारको आलोचना गरे । उनले वर्तमान सरकारलाई माफियाको सरकारको संज्ञा दिए । भ्रष्टाचार र महंगीविरुद्ध जनता सडकमा आउनुपर्ने अवस्था बन्नु दुखद भएको उनको भनाई छ । एमाले नेतृत्वको सरकारले ४ प्रतिशतमा कायम राखेको महंगी अहिले बढेर ८ प्रतिशतमाथि लागेको भन्दै उनले सरकारको आलोचना गरे । यसैमा थपे, 'यो सरकारका कारण महंगी बढेको छ, जनताको जीवनस्तर कष्टकर बनेको छ ।'

साथसाथै उनले सरकारका अन्य गतिविधिको पनि आलोचना गरे । जनार्दन शर्मा पुन: अर्थमन्त्री भएकोमा टिपपणी गरे । सरकारले पास गरेको – बाँकी पृष्ठ २ मा

## पशुपति क्षेत्र विकास कोषको जग्गा

# पुन: अतिक्रमण




**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, १६ साउन ।

काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिका-८ स्थित गोठाटारमा रहेको पशुपति क्षेत्र विकास कोषको जग्गा अतिक्रमणमा परेको छ । कोषको नाममा रहेको ५३४ रोपनी जग्गा अतिक्रमणको चपेटामा परेको हो । हाल उक्त स्थानमा दर्जनौं बढी साना पसलहरु खुलेका छन् भने कोषलाई जानकारी नदिई नै मेलाको समेत आयोजना हुन लागेको छ ।

'हामीले पहिला पनि त्यहाँबाट सूचना नै प्रकाशित गरेर घरटहरा देखि पसलहरु हटाएको थियौं, अब पनि पहल गर्छौं, हामीलाई मेला हुँदैछ भन्ने जानकारी भने थिएन,' कोषका सदस्यसचिव मिलन कुमार थापाले भने । उनले अतिक्रमित जग्गामा बसेका व्यापारीहरुबाट एक पैसा पनि नलिएको जानकारी दिए ।

तर, उक्त जग्गामा चटपटे व्यापार गरिरहेका एक व्यापारीले भने महिनैपिच्छे पैसा तिनुपर्ने बताएकी छिन् । अहिले हामीले थोरे थोरै दिन्छौं, अब महिनाको चार हजार दिनुपर्छ भन्ने सुनेका छौं, खोई के हो थाहा छैनं, उनले भनिन् । उनी मात्रै होइन, त्यहाँ पसल गरिरहेका अन्य साना व्यापारीहरु पनि आधिकारिक रुपमा पैसा तिरेरै बसेको दाबी गर्छन् ।

उक्त स्थानमा अहिले चटपटे, पानीपुरीको पसलदेखि गाडी बाइक सिक्ने र घुम्न जानेहरुको लर्को लाग्ने गरेको छ । अझ शनिबारको दिन त हजारौंको संख्यामा मानिसहरुको घुँइचो लाग्ने गरेको एक चिया व्यापारीले जानकारी दिए ।

उनले महिनौंदेखि चिया र खाजाको त्यहाँ पसल गर्दै आएको पनि जनाएका छन् । उक्त स्थानमा रहेको डाडोलाई 'लब डाडा' को नाम दिएर धेरै केटाकेटीहरु आउने टिकटक बनाउने, फोटो खिच्ने गर्दै आएको स्थानीहरु बताउँछन् ।

पटकपटक अतिक्रमणको चपेटामा परेपछि कोषले सुकुम्बासीका नाममा वरिपरिबाट जग्गा मिच्ने क्रम बढेको भन्दै गत माघमा १५ दिनभित्र टहरा/छाप्रा हटाउन निर्देशन समेत दिएको थियो ।

त्यत्तिमात्रै होइन, कोषले त्यहाँ रहेका टहरा हटाउन २०७६ सालबाटै सार्वजनिक सूचना प्रकाशन गर्दै आएको छ । तर, हालसम्म पनि कोषको उक्त कदमले पूर्णता पाउन सकेको छैन ।

हाल कोषले उक्त जग्गामा अस्पताल, विश्वविद्यालयदेखि आश्रम बनाउनेसम्मको गुरुयोजना बनाइरहेको छ । तर, जग्गाको भने उचित संरक्षण गर्न नसक्दा उक्त जग्गा पटक पटक अतित्रमणमा पर्दै आएको छ । अब, पनि कोषले कडा कदम नचाल्ने हो भने जग्गाको अतिक्रमण थप बढ्ने देखिन्छ ।

## निर्वाचन कानुन संशोधन गर्न प्रस्ताव



**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, १६ साउन ।

निर्वाचन सम्बन्धी कानुनलाई संविधानसम्मत बनाउन प्रस्ताव गर्दै प्रतिनिधिसभामा जरूरी सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता गरिएको छ ।

सांसद अमृता थापा मगर प्रस्तावक रहेको प्रस्तावमा – बाँकी पृष्ठ २ मा

> स्थानीय तहको दलित महिला वडा सदस्यमा उम्मेदवारी नपरेमा भोलिपल्ट अल्पसंख्यक वा सीमान्तकृत समुदायको महिलाको उम्मेदवारी आह्वान गर्न पनि प्रस्ताव गरिएको छ ।

## नेपालमै श्रम गर्न लगाउनु आवश्यक : श्रममन्त्री कुँवर

**काठमाडौं / रासस-** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवरले स्वदेशमा नै रोजगारीको वातावरण बनाउनुपर्ने बताएका छन् । प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सोमबार वैदेशिक रोजगार र श्रमसम्बन्धी रहेका समस्याका सम्बन्धमा गरेको बैठकमा मन्त्री कुँवरले स्वदेशमा नै श्रमिकलाई श्रम गर्न जनचेतना जगाउनुपर्ने बताए ।

नेपालमा नै बाहिर मुलुक भारतबाट आएर श्रम गरिरहेको भन्दै उनले नेपालकै श्रमिक रोजगारका लागि विदेशमा गएर काम गर्नुपरेको उल्लेख गरे । 'नेपालमा नै श्रम बजार छ भनेर यहाँका श्रमिकलाई जनचेतना जगाउन आवश्यक छ,' उनले भने, 'नेपालमा नै विदेशमा गरे जतिकै श्रम गर्न – बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### मलेसियामा मञ्च प्रतिनिधिमण्डलद्वारा दूतावासको ध्यानाकर्षण



**क्वालालम्पुर / मस-** प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले नेपाली दूतावास मलेसियाका कार्यवाहक राजदूत मोतीबहादुर श्रीसलाई नेपाली कामदारका लागि आउने मागपत्र – बाँकी पृष्ठ २ मा

**प्रारम्भिक निष्कर्ष**

## परिवारको हत्यापछि आत्महत्या

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, १६ साउन ।

पारिवारिक र सम्पत्तिविवादले एउटा परिवार नै सखापभएको घटना सार्वजनिकभएको छ । काठमाडौंको राजधानीको तारकेश्वर नगरपालिका वडा नम्बर २ स्थित पदमसालमा ४१ वर्षीय दिनेश पाण्डेले पत्नी र दुई छोराछोरीको हत्या गरेपछि आत्महत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ ।

> पारिवारिक र सम्पत्ति विवादले ४१ वर्षीय दिनेश पाण्डेले पत्नी र दुई छोराछोरीको हत्या गरेपछि आत्महत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ ।

श्रीमान-श्रीमतीको विवादले रसम्पत्तिको विवादका कारण पाण्डेले पत्नी र दुई छोराछोरीको हत्यापछि आत्महत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको हो । प्रहरीले दिनेशको सुसाइट नोट पनि फेलापारेको जनाएको छ । प्रहरीकाअनुसार सुसाइट नोटमा दिनेशले ससुरालीमाथि सम्पत्ति हडप्न खोजेको आरोप लगाइएको छ । – बाँकी पृष्ठ २ मा

**KUWAIT मा रोजगार** | कम्पनी: ZATCO AL ZAFRAN GENERAL TRADING & CONTRACTING CO

पूर्व स्वीकृत मिति: २०७९/०४/१५ चलानी नं.: ६०१८४१५८ LT. No.: 268504 शहर: KUWAIT

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper / Labour | 100 | 0 | स. काममा दक्ष | 95 | ३९,१४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ साउन २४ गते (9 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 647/063/064

SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Prayag Marga, Baneshwor-9, Kathmandu
Phone : 4481505, 4481905, 4481957
Mobile: 9851038901, 9841669457, 9818550053, 9810330880, 9801026390

# सातै प्रदेशमा कोरोनाको उपचार

**काठमाडौं/मस-** देशभर ८ सय ९५ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। एक जनाको कारण मृत्यु भएको छ। तीन हजार छ सय ८५ जनाले पिसिआर र दुई हजार दुई सय २४ सय जनाको एन्टिजीन विधिबाट परीक्षण गर्दा उनीहरुमा संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

यस्तै २६४ जना कोरोना संक्रमणमुक्त भएका छन्। यससँगै संक्रमण मुक्त हुनेको संख्या नौ लाख ७० हजार तीन सय २६ पुगेको छ। संक्रमण मुक्त हुने दर ९८ दशमलव तीन प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

पछिल्लो २४ घण्टामा ३३ हजार एक सय ७६ जनाले कोभिड बिरुद्धको खोप लगाएका छन्। हाल सक्रिय सङ्क्रमितको संख्या चार हजार नौ सय ३४ रहेको छ। अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार नौ सय ६८ पुगेको छ। होम आइसोलेशनमा चार हजार सात सय ९२, संस्थागत आइसोलेसन एक सय ४२ र आइसियू ३६ र भेन्टिलेटरमा पाँच जना सङ्क्रमित रहेका छन्।

हाल देशभरमा पाँच सयभन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्ला काठमाडौं र ललितपुर रहेका छन् भने तथा दुई सयभन्दा बढी संक्रमित रहेका जिल्लामा कास्की रहेको छ। सून्य संक्रमित रहेका जिल्लामा मनाङ, कालिकोट, मुगु, हुम्ला, बाजुरा, दार्चुला र बझाङ रहेका छन्। उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौंमा दुई हजार आठ सय ७२ र ललितपुर पाँचा सय ४३ र भक्तपुरमा ३० सक्रिय सङक्रमित रहेको मन्त्रालयले जनाएको छ।



**सातै प्रदेशमा कोरोना अस्पताल**

मन्त्रालयले कोरोना भाइरसको संक्रमण बढ्दै गएपछि सातवटै प्रदेशका अस्पतालमा उपचारको व्यवस्था गरेको छ। मन्त्रालयले सातवटै प्रदेशमा १७ वटा अस्पतालमा उपचारको व्यवस्था मिलाएको छ। मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीले कोरोना भाइरसको मध्यम र गम्भीर अवस्थाका बिरामीलाई उपचारका लागि सातवटै प्रदेशमा रहेका १७ संघ र प्रादेशिक अस्पतालको व्यवस्था गरिएको जानकारी दिए।

उनका अनुसार प्रदेश नं १ को कोसी अस्पताल विराटनगर र विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, मधेस प्रदेशको जनकपुर प्रादेशिक अस्पताल जनकपुर र नारायणी अस्पताल वीरगञ्ज रहेका छन्।

यस्तै बागमती प्रदेशको शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकु, भरतपुर अस्पताल चितवन, वीर अस्पताल काठमाडौं, त्रिभुवन विश्वविद्यालय (त्रिवि) अस्पताल र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा गण्डकी प्रदेशमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र धौलागिरि अस्पताल बागलुङ रहेका छन्।

यस्तै लुम्बिनी प्रदेशको लुम्बिनी प्रादेशिक अस्पताल बुटवल र भेरी अस्पताल नेपालगञ्ज, कर्णाली प्रदेशमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला र सुर्खेत प्रादेशिक अस्पताल वीरेन्द्रनगर तथा सुदूरपश्चिम प्रदेशमा सेती प्रादेशिक अस्पताल धनगढी र डडेल्धुरा अस्पताल रहेका छन्।

# नियमअनुसार नचल्दा सहकारी समस्याग्रस्त

**काठमाडौं/मस-** समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले विद्यमान कानूनअनुसार सहकारी सञ्चालन नहुँदा समस्याग्रस्त हुने गरेको जनाएको छ।




समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले सोमबार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठलाई बुझाएको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदनमा सहकारीलाई समस्याग्रस्त हुनबाट जोगाउन सहकारी ऐन/नियमको प्रभावकारी कार्यान्वयनका साथै सहकारी संस्थामा सुशासन प्रवर्द्धन आवश्यक रहेको उल्लेख छ।

समान प्रकृतिका कार्य गर्ने सहकारी संस्थाबीच एकीकरण (मर्जर) गर्ने प्रक्रियालाई प्रोत्साहन गर्ने, सहकारीलाई विपन्न वर्गसम्म पुग्ने रणनीतिका साथ सञ्चालन गर्ने, सुशासनको पूर्ण प्रत्याभूति हुने गरी सञ्चालन गर्ने जस्ता आधार भूत सिद्धान्तको पालना गर्न सकेमा सहकारी क्षेत्रप्रतिको जनताको विश्वास अभिवृद्धि गर्न सघाउ पुग्ने प्रतिवेदनमा औंल्याइएको छ।

समितिको प्रतिवेदन बुझ्दै मन्त्री श्रेष्ठले सहकारीलाई जिम्मेवार बनाउन सबै पक्ष लाग्नुपर्नेमा जोड दिइन्। सहकारी आफ्नो मूल्यमान्यता र सिद्धान्तअनुसार चल्नुपर्ने जनाउँदै उनले अर्थतन्त्रको आधारस्तम्भका रुपमा रहेका सहकारी समस्याग्रस्त बन्ने अवस्था आउन नदिने गरी काम गर्न सम्बद्ध पक्षलाई आग्रह गरिन्।

प्रतिवेदन बुझाउँदै समितिका अध्यक्ष काशीराज दाहालले सहकारी संस्थामा विकृति र विसङ्गतिको रोकथाम र नियन्त्रणको लागि सहकारी दर्ता प्रक्रियामा नै विशेष ध्यान दिनुपर्ने बताए।

# बेसिशहर–चामे सडकखण्ड अवरुद्ध

**मनाङ/मस**-बाढीपहिरोले सडक बगाएपछि हिमाली जिल्ला मनाङको एक मात्र सडक अवरुद्ध भएको छ। पहिराले सडक बगाएपछि मनाङ प्रवेश गर्ने मेरुदण्डको बेसीशहर-चामे सडक अवरुद्ध भएको छ।



बाढीपहिराले लमजुङको मर्स्याङ्दी गाउँपालिका-४ रामबजारस्थित घोप्टेभिर र मनाङको कोतोमा क्षति भएपछि बेसिशहर-चामे सडक अवरुद्ध भएको डुम्रे-बेसिशहर-चामे सडक योजना कार्यालयका सवइञ्जिनीयर सुमन अधिकारीले जानकारी दिए।

उनका अनुसार मर्स्याङ्दीको राम बजार, घोप्टेभिर र कोतोमा पहिराले सडक बगाएपछि सोमबार बिहानैदेखि सडक अवरुद्ध भएको छ।

सडक बगाएपछि चामेको कोतोमा मानिस वारपार गर्न समस्या भएको उनले बताए। खोल्सीको बाढीले कोतोमा २० मिटरजति सडक बगाएको अधिकारीले जानकारी दिए।

प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले सदरमुकाम चामे नजिकै खोल्सीमा आएको बाढीले कोतोको सडक बगाएको बताए। सडक खुलाउनका लागि काम भइरहेको छ। लगातार वर्षा भइरहेकाले सचेत रहन उनले जिल्लावासीलाई आग्रह गरे।

# पालेर्मो प्रोटोकल अनुमोदन गर्न ऐन संशोधन गरिँदै



**काठमाडौं/मस**-महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मीले पालेर्मो प्रोटोकल अनुमोदन गर्न आवश्यक पर्ने कानून संशोधन गर्न सरकार लागिरहेको बताएकी छन्।

कानून, न्याय तथा मानवअधिकार समितिले सोमबार आयोजना गरेको 'बहुराष्ट्रिय संगठित अपराधविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिअन्तर्गत मानव बेचबिखन, खासगरी महिला र बाबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख (पालेर्मो प्रोटोकल)' को छलफलमा उनले आवश्यकपर्ने कानून संशोधन गर्न लागिरहेको बताइन्।

उनले भनिन्, 'मानव बेचबिखनको मुख्य कारण गरिबी हो। अहिले त मिर्गौला झिक्ने अंग बेच्ने कुरा पनि आएको छ, अहिले डिजिटल प्रविधिका कारण धेरै समस्या आएको छ, यस्तालाई नियन्त्रण गर्नुपर्छ।'

उनले वैदेशिक रोजगारीका नाममा हुने मानव बेचबिखनको समस्या सरकारका लागि चुनौती बन्दै गएको र मानव बेचबिखन जस्तो गम्भीर अपराध रोक्न सबैले साझा पहल गर्नुपर्ने बताइन्।

सरकारले विभिन्न स्वरूपमा हुने गरेको मानव बेचबिखनमा संलग्नलाई कडा कारवाही गर्न र पीडितको संरक्षण गर्न मानव बेचबिखन नियमावली, २०६४ लाई संशोधन गर्न लागिरहेको समेत बैठकमा उनले जानकारी गराइन्।

उक्त मन्त्रालयका सचिव हरिप्रसाद मैनालीले पछिल्लो समयमा भिजिट भिसामा विभिन्न देशमा पुऱ्याइएकाको उद्धार गर्न सरकारलाई समस्या परेको बताए।

महिला, कानून र विकास मञ्चका कार्यकारी निर्देशक सविन श्रेष्ठले नेपालले पालेर्मो प्रोटोकल अनुमोदन गरिसकेका अवस्थामा मानव बेचबिखन तथा ओसार पसार ऐन, वैदेशिक रोजगारी ऐन, अध्यागमन ऐन, श्रम ऐनलगायत विभिन्न १२/१३ वटा ऐन संशोधन गर्न सरकारलाई सुझाव दिए।

चेलिबेटी बेचबिखनविरुद्धको अभियानकर्मी चरिमाया तामाङले महिला भारतमा मात्रै नभई वैदेशिक रोजगारीका नाममा विश्वका विभिन्न देशमा पुऱ्याइने संख्या बढेकाले त्यसलाई रोक्न सरकारले विशेष ध्यान दिनुपर्नेमा जोड दिइन्।

## कांग्रेस केन्द्रीय सदस्य सत्तारलाई मातृशोक



**चितवन/मस-** नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा वरिष्ठ ब्यवसासी अब्दुल सत्तारलाई मातृशोक परेको छ। सत्तारकी आमा हज्जिन सबिना खातुनको ९१ वर्षको उमेरमा सोमबार बिहान चितवनस्थित नारायणी सामुदायिक अस्पतालमा निधन भएको हो। स्व. खातुनका २ छोरी र २ छोरा छन्।

## जबराविरुद्धको महाअभियोग प्रक्रिया अगाडि बढाउन बारको माग



**काठमाडौं/मस-** नेपाल बार एसोसिएसनले निलम्बित प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराविरुद्धको महाअभियोग प्रस्ताव तत्काल अगाडि बढाउन माग गरेको छ।

सिंहदरबारस्थित सभामुख अग्निप्रसाद सापकोटाको कार्यकक्षमा सोमबार पुगेका बारका पदाधिकारीको टोलीले सभामुख सापकोटालाई भेटेर सर्वोच्च अदालतका प्रधानन्यायाधीश राणाविरुद्धको महाअभियोग अगाडि बढाउन आग्रह गरेको हो।

संघीय संसदमा विचाराधीन रहेको जबराविरुद्धको महाअभियोग प्रस्ताव लामो समयसम्म अघि नबढेपछि बारको टोली सिंहदरवार पुगेको हो।

बारकी महासचिव अञ्जिता खनालले चालु अधिवेशनबाट नै प्रधानन्यायाधीश जबराविरुद्धको महाअभियोगको छिनोफानो गर्ने गरी प्रक्रिया अगाडि बढाउन माग गर्न बारको टोली सभामुख सापकोटासमक्ष पुगेको जानकारी दिइन्।

# महालेखा परीक्षकको चौथो वार्षिक प्रतिवेदन पेश

**कर्णाली/मस-** कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री जीवनबहादुर शाहीले 'महालेखा परीक्षकको चौथो वार्षिक प्रतिवेदन, २०७९' प्रदेशसभाको बैठकमा पेश गरेका छन्। कर्णाली प्रदेशसभाको सोमबार बैठकमा मुख्यमन्त्री शाहीले छलफलका लागि उक्त प्रतिवेदन पेश गरेका हुन्। सो प्रतिवेदन छलफलका लागि सार्वजनिक लेखा समितिमा पठाउन सभामुख राजबहादुर शाहीले सचिव जीवराज बुढाथोकीलाई निर्देशन दिए।



सभामुख शाहीले समय दिएसँगै प्रदेश मामिला समितिका सभापति दानसिंह परियारले यसअघि कर्णाली प्रदेश सरकारका तर्फबाट सभामा पेश भएको 'प्रदेशसभा सचिवालयसम्बन्धी ऐन, २०७५, संशोधन प्रतिवेदनसहित सभामा पेश गरे।

यता प्रदेश सरकारका आन्तरिक मामिला तथा कानूनमन्त्री हिमबहादुर शाहीले 'कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६' लाई संशोधन गर्न बनेको विधेयकमाथि सामान्य छलफलका लागि सभामा प्रस्ताव गरे।

प्रदेशसभा सदस्य दल रावलले छलफलमा भाग लिँदै जिल्ला र कर्णाली प्रदेश खेलकुद परिषद् सदस्यका लागि जिल्लाका लागि छैटौं र प्रदेश सदस्य सचिव ११औं तह हुनेगरी राखिएको संशोधनको समर्थन गरे।

छलफल समाप्त भएसँगै सभामुख शाहीले उक्त विधेयकमाथि संशोधनको सूचना पेश गर्न ७२ घण्टा प्रारम्भ भएको प्रदेशसभा सदस्यलाई जानकारी गराए। प्रदेशसभाको अर्को बैठक यही साउन १८ गते बुधबार अपराह्न ३ बजे बस्नेछ।

# लागूऔषधसहित दुई जना पक्राउ

**बाँके/मस-** बर्दियाको मधुवन नगरपालिका-८ कुसुम्बाघाट जङ्गलबाट लागूऔषध (ब्राउन सुगर) सहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय ढोढरीबाट खटिएको प्रहरी टोलीले खोजतलास गर्ने क्रममा ६४० मिलिग्राम ब्राउन सुगरसहित सोही ठाउँका दोर्णराज गुरुङ र बेदप्रसाद जैसीलाई प्रहरीले नियन्त्रणमा लिएको हो।

थप अनुसन्धानका क्रममा दोर्णराजको घर खानतलासी गर्दा घरको भित्तामा लुकाइछिपाइ राखेको ४२० मिलिग्राम र ९२५ पुरिया गरी जम्मा १.०६ ग्राम ब्राउन सुगर फेला परेको प्रहरीले जनाएको छ।

बर्दिया जिल्ला अदालतबाट लागूऔषध मुद्दामा म्याद थप गरी उनीहरूलाई आवश्यक अनुसन्धानका पठाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक वीरेन्द्रबहादुर शाहीले जानकारी दिए।

# बिहान ११ बजेबाटै ई–पासपोर्ट आवेदन

काठमाडौं/मस- राहादानी विभागले ई-पासपोर्टको अनलाइन आवेदन मंगलबारबाट बिहान ११ बजेदेखिनै खुला गर्ने भएको छ। यसअघि साँझ साढे ४ बजेपछि खुलाउँदै आएको अनलाइन आवेदन मंगलबारदेखि बिहान ११ बजेबाट नै खुलाउन लागेको सूचना जारी गर्दै जानकारी दिएको हो।हाल दुई हजार चार सय जनाको प्रि-इनरोलमेन्ट खुलाउँदै आएकोमा अब कोटा पनि बढाउने तयारी विभागको छ।

### महंगीविरुद्ध...

नागरिकता विधेयकको खण्डन गरे। अंगीकृत नागरिकताका सम्बन्धमा छिमेकी मुलुक भारतमा रहेको व्यवस्था अनुरूप नेपालमा पनि समान हुनुपर्नेमा सत्ता टिकाउने नाममा देशहित विपरीतको व्यवस्था गरेको उनको टिप्पणी छ।

### निर्वाचन...

सांसदहरु लक्ष्मी परियार, लक्ष्मी कुमारी चौधरी, चन्दा चौधरी, रंगमति शाही, बिना बुढाथोकी, लीलादेवी सिटौला, दुर्गा पौडेल, रेखा शर्मा, यशोदा गुरूङ सुवेदी, रेनुका गुरूङ र प्रमिला राई समर्थक रहेका छन्।

उनीहरुले जनसंख्याको आधारमा प्रत्यक्षमा महिलाको उम्मेदवारी सुनिश्चित गर्नुपर्ने, स्थानीय तहको प्रमुख, उपप्रमुख, वडाध्यक्ष, जिसस प्रमुख र उपप्रमुखमा ५० प्रतिशत महिला अनिवार्य गर्नुपर्ने माग गरेका छन्। स्थानीय तहको दलित महिला वडा सदस्यमा उम्मेदवारी नपरेमा भोलिपल्ट अल्पसंख्यक वा सीमान्तकृत समुदायको महिलाको उम्मेदवारी आह्वान गर्न पनि उनीहरुको प्रस्ताव छ।

### नेपालमै...

र सेवा सुविधा पाइन्छ भन्ने कुराको जनचेतना गराउनु पर्ने देखिन्छ।'

मन्त्री कुँवरले भारतलगायत देशबाट आएका कामदारले नेपालका विभिन्न उद्योग, कलकारखानामा काम गरिरहेको बतउँदै दक्ष सीप भएका जनशक्तिलाई मात्र वैदेशिक रोजगारमा पठाउनुपर्ने बताए। समितिका सभापति विमलश्री वास्तवले यहाँका श्रमिकलाई विदेश नपठाइ स्वदेशमा नै रोजगारी सिर्जना गर्नुपर्ने धारणा राखे।

'हामीले रोजगारका लागि बाहिर मुलुकमा श्रमिक पठाउने गर्दछौं, तर हाम्रै मुलुकमा भारतबाट आएका श्रमिकले काम गरेर राम्रै आर्थिक उपार्जन गरिरहेका छन्,' उनले भने, 'मुलुकमा नै आन्तरिक श्रमिक व्यवस्थापन गर्नुपर्दछ।'

उनले आफूले एक स्टिल उद्योगमा अनुगमनका क्रममा जाँदा एक हजार दुई सय श्रमिकमध्ये आठ सय भारतीय श्रमिक पाएको जनाउँदै नेपालमा रहेका श्रमिकलाई विदेशमा पठाउनुभन्दा स्वदेशकै उद्योग, कलकारखानाका काममा लगाउनुपर्ने बताए।

श्रम मन्त्रालयका सचिव एकनारायण अर्यालले स्वदेशमा नै श्रमबजारको व्यवस्थापन गरिरहेको बताए। उनले आन्तरिक रोजगार गर्नका लागि आन्तरिक रोजगार प्रवर्द्धन गर्न मन्त्रालयले काम गरिरहेको बताए। अहिले प्रधानमन्त्री स्वरोजगार कार्यक्रममार्फत एक लाख ४५ हजार एक सय १३ जनालाई स्वरोजगार बनाइएको उनको भनाइ थियो।

श्रम तथा व्यवसायजन्य सुरक्षा विभागका महानिर्देशक उमाकान्त आचार्यले स्वदेशमा श्रमिकले राम्रोसँग काम नगर्ने भएकाले बाहिरबाट श्रमिक ल्याउनुपरेको उद्योगी व्यवसायीले बताएको जानकारी दिए।

वैदेशिक रोजगार विभागका महानिर्देशक शेषनारायण पौडेलले कोरोना भाइरसको समयमा वैदेशिक रोजगारमा जानेको संख्या घटे पनि अहिले फेरि बढेको बताए। उनका अनुसार आर्थिक वर्ष २०७३/०७४ मा छ लाख ४२ हजार वैदेशिक रोजगारमा गएका थिए भने आर्थिक वर्ष २०७७/०७८ मा एक लाख ६६ हजारमा झरेको थियो। यस्तै आव २०७८/०७९ मा त्यो संख्या बढेर छ लाख २१ हजारमा पुगेको छ।

### मलेसियामा...

प्रमाणीकरण लगायतमा रहेका समस्याको समाधानका विषयमा ध्यानाकर्षण गराएको छ। हाल मलेसियामा रहेका मञ्च अध्यक्ष राजेन्द्र भण्डारीको संयोजकत्वमा सोमबार मञ्चको प्रतिनिधिमण्डलले नेपाली दूतावास मलेसियाका कार्यवाहक राजदूत श्रीस, श्रम काउन्सेलर दीपक ढकाललगायतलाई भेटी मागपत्र प्रमाणीकरण तथा अन्य प्रक्रियामा रहेका समस्याका विषयमा छलफल गरेको हो।

छलफलमा अध्यक्ष भण्डारी, उपाध्यक्ष डिक बहादुर खत्री (कुमार), उपाध्यक्ष दल वीर भण्डारी, सचिव मदन पौडेल, सदस्य हेमराज राई, सजिन राई र सल्लाहकार गोविन्द कटुवाललगायतको सहभागिता रहेको थियो।

त्यस अवसरमा मञ्चले हाल मागपत्र प्रमाणीकरणमा देखिएका समस्यालाई सहजीकरण गर्ने, छिटो छरितो ढंगबाट सेवाग्राहीलाई सेवा प्रदान गर्न आवश्यक उपाय अवलम्बन गर्नुपर्ने माग राखेको अध्यक्ष भण्डारीले मध्यान्हलाई बताए।

व्यवसायीका सुझाव सुनेपछि कार्यवाहक राजदूत श्रीशले मञ्चले राखेका समस्या समाधानका उपायहरुलाई अविलम्ब प्रयोगमा ल्याउने प्रतिवद्धता जनाए। मलेसियाले आप्रवासी कामदारका सम्बन्धमा प्रयोग गरिरहेको फरेन वर्कर सेन्ट्रलाइज्ड म्यानेजमेन्ट सिष्टम (एफडब्लूसीएमएस)मा देखिएका समस्याका लागि कूटनीतिक पहल गरिदिनेदेखि मलेसियन केडिएन पश्चात केएसएमले एप्रुभल दिन थालेपछि मागपत्र प्रमाणीकरणमा देखिएका समस्याका सन्दर्भमा काठमाडौं कार्यालयलाई पत्राचार गरिदिने लागायतका विषयमा अनुरोध गरेको अध्यक्ष भण्डारीले बताए।

कार्यवाहक राजदुत श्रीसले मलेसियामा नेपाली कामदारको माग बढेकाले उनीहरूको सीप तालिमदेखि मलेसियाको श्रम कानून लगायतका विषयमा जानकारी दिएर पठाउनुपर्ने विषयमा व्यवसायीको ध्यानाकर्षण गराएका थिए।

### परिवारको...

मृतकहरुमा ४१ वर्षीय दिनेश सहित ३९ वर्षीय सुनिता, १३ वर्षीय आशिका र ८ वर्षीय आशिक छन। दिनेश र सुनिता श्रीमान श्रीमती हुन। आशिका र आशिक छोराछोरी हुन। पारिवारिक स्रोतकाअनुसार सुनिता युके जाने तयारीमाथिइन। प्रहरीकाअनुसार सनिताको शरिरमा ७ भन्दा बढी ठाउँमा चक्कु प्रहार गरेको चोट छ। गोरखाका उनीहरु पदममसालमा बस्थे। उनीहरुको एक तले घर त्यहीँ छ। घर नजिकै फेन्सी पसल गर्दै आएका थिए।

# नागपञ्चमी पर्व मनाइँदै

विष्णुलक्ष्मी खरेल/मध्यान्ह
काठमाडौं, १६ साउन



प्रत्येक वर्ष श्रावण शुक्ल पञ्चमीका दिन मनाइने नागपञ्चमी आज परम्पराअनुसार नागको तस्वीरसहित पूजाअर्चना गरी घरका मूलढोकामा टाँसेर मनाइँदैछ ।

यसरी नागको तस्वीर टाँस्दा वर्षभर घरमा नाग, सर्प, बिच्छी लगायतका जीवले दुःख नदिनाका साथै अग्नि, मेघ र चट्याङको भयबाट पनि बच्न सकिन्छ भन्ने धार्मिक विश्वास छ ।

सूर्योदयकालमा पञ्चमी तिथि र षष्टीले युक्त पञ्चमी नागपूजाका लागि शुभ मानिने भएकाले मंगलबार नागपञ्चमीको निर्णय गरिएको नेपाल पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ ।

नाग पूजाको प्रचलन वैदिक कालदेखि नै शुरु भएको हो । वैदिक मान्यताअनुसार नागलाई सर्पको राजा मानिन्छ । नाग रिसाए भने पानीको अभाव हुने भएकाले पानीका लागि पनि नागलाई खुशी पार्न पूजा गर्ने परम्परा बसेको हो ।

वराहपुराणमा उल्लेख भएअनुसार श्रावण शुक्ल पञ्चमीमा नागराजसँग ब्रह्माको संवाद भएकाले पनि आजको दिन नागपूजाका लागि प्रसिद्ध मानिन्छ । प्रत्येक घरमा नाग रहेका हुन्छन् ।

घरको जगमुनि बसेका नाग रिसाई गएमा घरको जग नै भत्कन्छ भन्ने धार्मिक विश्वासले पनि नाग पूजा गर्ने परम्परालाई निरन्तरता दिँदै आएको हो । नागलाई विष्णु र शिवका रुपमा मान्ने प्रचलन वैदिक सनातनकालदेखि नै छ । भगवान् शिवले नागको माला लगाउने र भगवान् विष्णु जलमाथि शेष नागको श्ययामा फणको छाता ओढी शयन गर्ने भएकाले दुवै भगवान्लाई नागका रुपमा मान्ने गरिएको हो । प्रथम पूजाको अधिकार पाएका भगवान् गणेशको एक हातमा नाग छ । भगवान् विष्णुको अवतारका रुपमा जन्म लिनुभएका श्रीरामचन्द्रका भाइ लक्ष्मण र कृष्णका दाजु बलरामलाई पनि शेषनागको अवतारका रुपमा मानिन्छ ।

### धापाखेलको नागपोखरीमा मूर्ति

ललितपुर महानगरपालिका-२४ स्थित धापाखेल नागपोखरीमा पितलको नागको मूर्ति राखिएको छ । हरेक वर्ष श्रावण शुक्लपक्ष पञ्चमी तिथिका दिन मङ्गलबार मनाइने नागपञ्चमी पर्वमा नागपूजा गर्नका लागि सोमबार राति सो मूर्ति लगिएको हो । बेलुका ७ बजेपछि सो मूर्तिलाई धुप बालेर बाजागाजासहित बोकेर यहाँको नागपोखरीमा राखिएको धापाखेल नागदह संरक्षण समितिका अध्यक्ष सलामसिंह मोक्ताङले बताए ।

उनले भने, 'यस मूर्ति हराउने डरका कारण अन्य दिन भने पुजारीको घरमा राख्ने गर्छौं तर मात्र नागपञ्चमीको अघिल्लो दिन पोखरीमा ल्याइन्छ ।' सो मूर्ति पोखरीमा राखेसँगै नागपञ्चमी मेलाको उत्साह धापाखेलमा बढ्ने मोक्ताङले जानकारी दिए । सो मूर्ति पोखरीमा ल्याएसँगै सोमबार रातभर पुजारीका साथै सुरक्षाकर्मीले नागपोखरीमा सुरक्षासमेत लिएका मोक्ताङको भनाइ छ ।

# प्रमुख प्रशासकीय अधिकृतलाई स्वागत



रामप्रसाद सुवेदी/मध्यान्ह
हापुरे, १६ साउन


दाङको बबई गाउँपालिकामा सरुवा भएर आएका प्रमुख प्रशासकीय अधिकृत मुक्तिनन्द रावललाई स्वागत गरिएको छ । बबई गाउँपालिकामा सरुवा भएर आएका रावललाई सोमबार एक कार्यक्रमकाबीच स्वागत गरिएको हो ।

बबई गाउँपालिकाका अध्यक्ष कुल बहादुर खत्री क्षेत्रीको अध्यक्षता, जिल्ला समन्वय समिति उपप्रमुख चेतना चौधरीको प्रमुख आतिथ्यता तथा बबई गाउँपालिकाका उपाध्यक्ष बम कुमारी खड्काको विशिष्ट आतिथ्यतामा रावललाई स्वागत गरिएको हो ।

कार्यक्रममा बबई गाउँपालिकाका कार्यपालिका सदस्य नारायण परियार, वडा नं. १ का वडा अध्यक्ष प्रेमबहादुर डाँगी, २ का वडा अध्यक्ष टेकबहादुर वली, ४ का वडा अध्यक्ष टेकबहादुर वली, ५ का वडा अध्यक्ष हर्कबहादुर सिरिस मगर, ६ का वडा अध्यक्ष राजेन्द्र बिक्रम शाह र वडा नम्बर ७ का वडा अध्यक्ष तिलकराम भन्डारी, नेकपा एमालेका बबई गाउँ कमिटी अध्यक्ष टंकराज विश्वकर्मा र नेपाली कांग्रेसका बबई सभापती प्रकाश बस्नेत लगायतले मन्तव्य राखेका थिए ।

वक्ताहरुले गाउँपालिकाको विकासमा विशेष तरिकाले लाग्न प्रमुख प्रशासकीय अधिकृत रावललाई अनुरोध गरेका थिए । कार्यक्रममा बोल्दै प्रमुख प्रशासकीय अधिकृत रावलले सबै सँगको सहकार्यबाट काम गर्ने प्रतिबद्धता गरेका थिए । कार्यक्रमको सहजीकरण बबई गाउँपालिका प्रशारण शाखा प्रमुख दिलिप कुमार खत्रीले गरेका थिए ।

# जनशक्ति नहुँदा बिरामीलाई सास्ती



**पर्वत/मस**–गण्डकी प्रदेश सरकारले एकैपटक २१ जना स्वास्थ्यकर्मीको दरबन्दी कटौती गरेपछि पर्वत अस्पतालमा जनशक्तिको अभाव भएको छ ।

कोभिड-१९ सङ्क्रमणलाई नियन्त्रणमा लिन तथा प्रभावितको उपचार गर्नको लागि २१ जना स्वास्थ्यकर्मी र चारजना कार्यालय सहयोगीलाई करारमा राखिएको थियो । उनीहरू एक वर्षदेखि अस्पतालको इमर्जेन्सी, कोभिड-१९ को आइसोलेशन वार्ड, ओपिडी, ल्याबलगायत विभिन्न भागमा कार्यरत रहँदै आएका थिए ।

प्रदेश सरकारले उनीहरूको करार सम्झौता थप नगर्ने भनेर परिपत्र गरेपछि उनीहरू अस्पतालमा नआएको र कर्मचारीको अभावमा सेवा बढाउन नै समस्या परिरहेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा रुक्मिना अधिकारीले बताए ।

जिल्ला अस्पतालमा निर्माण भएको नयाँ भवनबाट सेवा सुरु भएपछि बिरामीको उपचार सहज र उपचारमा पनि पहुँच बढ्ला भन्ने आशा भए पनि जनशक्ति अभावले जिल्लावासी निराश बनेका छन् ।

पन्ध्र शय्याको अस्पताललाईस्तर वृद्धि गरेर ५० शय्या क्षमताको बनाउने योजना अनुसार करोडौँको लगानीमा आधुनिक भवन बनेका छन् । पुरानो भवनबाट नयाँ भवनमा स्थानान्तरण भएपछि सेवा विस्तार हुनुपर्नेमा सेवा झनै साँघुरो बन्ने अवस्था आएको छ ।

अस्पतालका सूचना अधिकारी जनस्वास्थ्य निरीक्षक लक्ष्मण उपाध्यायका अनुसार अहिले अस्पतालमा आठ जना मेडिकल अधिकृत, दुई जना डेण्टल अधिकृत, ल्याबमा पाँच जना, इमर्जेन्सीमा पाँच जना, इनडोरमा छजना, एक्सरेमा दुई जना, फार्मेसीमा तीन जना र काउन्टरमा पाँच जना कार्यरत रहेका छन् ।

यी बाहेक सरकारी तथा गैह्रसरकारी संस्थाले विभिन्न कार्यक्रममार्फत उपलब्ध भएका केही कर्मचारी कार्यरत रहेका छन् भने त्यसरी आएका केही कर्मचारीको पनि करार सम्झौता सकिएको छ । अहिले दुई जना कार्यालय सहयोगीसहित १२ जना कर्मचारी स्थायी दरबन्दीमा रहेका छन् । अस्पताललाई ५० शय्या क्षमतामास्तर वृद्धि गर्नका लागि 'ओ एन्ड एम' गरेर प्रदेशले स्वीकृति दिएपछि मात्रै ५० शय्या अनुसारको जनशक्ति र अन्य स्रोत तथा सुविधा थप हुने भएकाले प्रदेशको स्वीकृतिको पर्खाइमा आफू रहेको मेडिकल सुपरिटेन्डेन्ट डा.अधिकारीको भनाइ छ । कोभिडको सङ्क्रमण फेरि बढ्दै गइरहेको अवस्थामा अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीको झनै आवश्यकता परेको बेलामा उनीहरूकै सेवा सम्झौता नहुँदा बिरामीले सास्ती खेप्नुपर्ने उनको भनाइ छ ।

अस्पताल व्यवस्थापन समितिका अध्यक्ष शङ्कर गिरीले अस्पतालमा रहेको यो समस्याका बारेमा प्रदेशमा कुराकानी गरेको बताए । प्रदेशले गर्ने निर्णय आफूहरूले चाहेकै बेलामा नहुने भएकाले तत्कालका लागि समस्या समाधान गर्न स्थानीय तहले पनि सहयोग गर्नंपर्ने आवश्यकता रहेको उनको भनाइ छ ।

स्थानीय तहमा रहेका स्वास्थ्य संस्थामा रहेको जनशक्तिलाई केही समय अस्पतालमा काजमा पठाएर भए पनि जिल्लाको ठूलो अस्पतालको समस्या समाधान गर्नंपर्ने गिरीले बताउनुभयो । पर्वत अस्पतालले पछिल्लो समयमा जटिल अवस्थामा रहेका सुत्केरीको समेत शल्यक्रिया गर्दै आएका कारण नागरिकको ठूलो विश्वास पाएको छ । जसका कारण एक वर्षको अवधिमा चार सय पाँच महिलाले बच्चा जन्माएका छन् भने यीमध्येका २८ जनाको जटिल अवस्थामा शल्यक्रिया गरेर बच्चा निकालिएको छ । अहिले पनि ओपिडीमा दैनिक करिब साढे दुई सय जनासम्म बिरामी आउने गरेका छन् ।

# नगर प्रमुख शाहको पहलमा प्रतिक्षालय निर्माण

अजय मिश्र/मध्यान्ह
कृष्णनगर, १६ साउन



कपिलवस्तुको कृष्णनगर नगरपालिका वडा नम्बर ३ मा रहेको नइमिया कब्रिस्तान भित्र प्रतिक्षालय निर्माण गरिएको छ । कृष्णनगरका नगर प्रमुख रजत प्रताप शाहको पहलमा छुट्याइएको पाँच लाख रुपैयाँबाट प्रतिक्षालय निर्माण गरिएको हो ।

नइमिया कब्रिस्तानको रेखदेख गर्ने संस्था अहले सुन्नत नइमिया नेपालले उक्त प्रतिक्षालय निर्माण सम्पन्न गरेको हो । साथै वडा नं ३ का वडाध्यक्ष सगिर अहमद खाँको पहलमा तीन लाख रुपैयाँ कब्रिस्तानका लागि छुट्याइएको थियो । उक्त रकमले कब्रिस्तान भित्र केही ठाउँमा ढलान गरिएको छ ।

नइमिया कब्रिस्तान भित्र निर्माण गरिएको प्रतीक्षालयमा इदुल फित्रका दिन नमाज अदा गर्न जाने व्यक्तिलाई बस्न तथा मुस्लिम समुदायका व्यक्ति हरूको मृत्यु पश्चात दफन गर्न सोही ठाउमा गर्ने तथा मलामीहरुलाई घाम, पानीबाट सुरक्षित राख्नका साथै केही समय विश्राम गर्न लागिसमेत प्रतीक्षालयबाट सहयोग पुग्ने अपेक्षा गरिएको छ । साथै नमाज अदा गर्न सहज हुने अहले सुन्नत नइमिया नेपाल संस्थाका अध्यक्ष नसरूल्ला खाँले विश्वास व्यक्त गरे ।

# सिमकोटको पानीमा भेटियो कोलिफर्म

**सिमकोट/मस**– हुम्लाको सदरमुकाम सिमकोटको खानेपानीमा कोलिफर्म र इकोली भेटिएको छ । सिमकोट बजार, वडा नं ५ र ६ का लागि आपूर्ति हुँदै आएको खानेपानी योजनाको मुहान, इन्टेक र धाराको पानी परीक्षण गर्ने क्रममा उक्त जीवाणु भेटिएको स्वास्थ्य सेवा कार्यालयका ल्याब इन्चार्ज भक्ति फडेराले बताए । पहिलो पटक परीक्षण गर्दा सो जीवाणु देखिएको हो ।

त्यसैगरी सिमकोट-६ को मुग्रधाराको पानी परीक्षण गर्दा सो जीवाणु देखिएको थियो । पानी परीक्षण गर्ने स्वास्थ्यकर्मीको टोलीले वडा नं ३ को लाङ्दु गाउँको खानेपानीको मुहानमा परीक्षण गर्दा नदेखिएको तर व्यक्तिको घरको धारामा भने देखिएको जनाएको छ । सिमकोट गाउँपालिकाका स्वास्थ्य संयोजक नर भण्डारीले मानिसको लागि प्रयोग योग्य पानी नभएको कारण यसलाई उमालेर वा फिल्टर गरेर मात्र प्रयोग गर्न आग्रह गरे । हाल सिमकोटमा झाडापखाला, टाइफाइड र आउँ जस्ता रोगका बिरामी देखिनुको कारण उक्त पानीको प्रयोग हुनसक्ने संयोजक भण्डारीले बताए ।

युनिसेफको आर्थिक सहयोगमा सञ्चालित खानेपानी तथा सरसफाइ स्वच्छता कार्यक्रम (वास)का संयोजक जङ्गबहादुर रोकायाले हाल पानी परीक्षण गर्ने 'वाकटेक' मेसिनसहित जनशक्तिलाई तालिम दिएपछि पानी परीक्षणमा सहज भएको बताए । अब गाउँपालिकाका सबै वडाका बस्तीमा मेसिनसहित जनशक्ति पुगेर परीक्षण गरिने छ । गाउँपालिकाको स्वास्थ्य शाखाले नयाँ खानेपानी योजना निर्माण गर्दा पानीको अनिवार्य प्रयोगशाला परीक्षणपछि मात्र निर्माण गरिने जनाएको छ ।

# सितलपुरमा स्वास्थ्यकर्मी नहुँदा सेवाग्राही मर्कामा

सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, १६ साउन



रौतहटको फतुवा विजयपुर नगरपालिकामा कार्यरत स्वास्थ्यकर्मीहरु आफुखुसी बिदामा बसेको पाइएको छ । नगरपालिकाको वडा नम्बर २ सितलपुरमा रहेको स्वास्थ्यचौकीमा कार्यरत स्वास्थ्यकर्मीहरूले आफुखुसी विदामा बसेको पाइएको हो ।

स्वास्थ्य चौकीमा अहेब ३ जना, एचए १, अनमी १ जना रहेका छन् । स्वास्थ्यकर्मी र कर्मचारीहरु घरमानै बसेर तलब/भत्ता बुझ्ने गरेको खुलेको छ ।

सो वडाका वडाअध्यक्ष अनिरूद्ध राय यादवसहितको टोलीले गरेको छड्केका क्रममा स्वास्थ्य चौकीका अधिकांश स्वास्थ्यकर्मी र कर्मचारी अनुपस्थित रहेको पाइएको हो । वडाअध्यक्ष यादव नेतृत्वमा खटिएको टोलीले स्वास्थ्य चौकीमा छड्के गर्दा ५ जनामध्ये २ स्वास्थ्यकर्मी मात्र उपस्थित रहेका थिए । यस्तै फतुवा विजयपुर नगरपालिकाको स्वास्थ्य शाखालाई जानकारी नगराई स्वास्थ्य चौकीमा अनुपस्थित थिए ।

बिहान दश बजेदेखि नै स्वास्थ्य चौकीमा उपस्थित हुनुपर्नेमा ११ बजे छड्के गर्दा ३ जना स्वास्थ्यकर्मी अनुपस्थित थिए । सो स्वास्थ्य चौकीको ईन्चार्ज नै अनुपस्थित रहेका वडा अध्यक्ष यादवले जानकारी दिए । उनका अनुसार स्वास्थ्यकर्मीसँग बुझ्दा इन्चार्ज तालिममा गएको जवाफ दिएका थिए ।

छड्के चेकका क्रममा अनुपस्थित स्वास्थ्यकर्मी र कर्मचारीको हाजिरी रजिस्टरमा रातो मसी लगाइएको वडाअध्यक्ष यादवले मध्यान्हलाई बताए । उनीहरूलाई विभागीय कारबाही गर्न नगरपालिकाको स्वास्थ्य शाखालाई पत्राचारसमेत गरिने उनले बताए ।

बिहान १० बजेदेखि साँझ ५ बजेसम्म स्वास्थ्य चौकीमै अनिवार्य बस्नुपर्ने भएपनि अधिकांश स्वास्थ्यकर्मी बिहान ११ बजेपछि आउने गरेको स्थानीयले आरोप लगाए । स्थानीय सोही स्वास्थ्यचौकीमा कार्यरत एक जना महिला स्वास्थ्यकर्मी अनमी शिला कुमारी यादव भने महिनामा केही दिन मात्रै आएर महिनाभरिको हाजिर एकै पटक गरेर जाने गरेको पनि स्थानीयहरूले आरोप लगाएका छन् ।

यस विषयमा स्वास्थ्य चौकी इन्चार्ज रमेश यादवसँग बुझ्दा आफू तालिममा रहेको भन्दै आफ्नो बचाउ गर्न खोजेका थिए । यस विषयमा फतुवा विजयपुर नगरपालिकाका स्वास्थ्य संयोजक रघुनाथ साहसँग बुझ्दा स्वास्थ्यकर्मीहरूको बचाउ गर्न खोजेका थिए ।


## कुवेत, कतार र साउदीमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: AL HASHEMI CONSTRUCTION GROUP — शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०७९/०४/१६ — चलानी नं.: ६०१८४१९७ — LT. No.: 268487

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 50 | 0 | सम्बन्धित काममा दक्ष | 125 | ५१,५०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Contruction Worker (Indoor) | 500 | 0 | | 90 | ३७,०८३ | | | | | | | |
| 3. | Housing Electrician | 25 | 0 | | 125 | ५१,५०४ | | | | | | | |
| 4. | Scaffolder | 25 | 0 | | 125 | ५१,५०४ | | | | | | | |

२. कम्पनी: SOUNDS & SPACES TRAD & DECORATION WORKS — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७९/०४/१५ — चलानी नं.: ६०१८४१६९ — LT. No.: 268322

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 3 | 0 | स. काममा दक्ष | 1500 | ५१,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी: JAL HUMAN RESOURCES CO — शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०७९/०४/१५ — चलानी नं.:६०१८४२६९ — LT. No.: 268347

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | WORKSHOP WORKER | 20 | 0 | स. काममा दक्ष | 1000 | ३३,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २४ गते (9 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | कतारको नि:शुल्क अन्यको रु.१०,०००।- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Link International Placement Service Pvt.ltd.
Govt. Lic. No.: 821/066/067 — ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

## UAE मा रोजगारको अवसर | कम्पनी : LATTE CAFE LLC

शहर: UAE
पूर्व स्वीकृत मितिः २०७९/०४/१६ — चलानी नं.: ६०१८४२८५ — L.T. No.: 267625

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 2 | 2 | सम्बन्धित काममा दक्ष | 2000 | ६८,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Chef Baker | 1 | 0 | | 2500 | ८६,१०० | | | | | | | |
| 3. | Supervisor | 2 | 0 | | 3000 | १,०३,३२० | | | | | | | |
| 4. | Waiter | 2 | 0 | | 2000 | ६८,८८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २४ गते (9 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

ROTARY OVERSEAS PVT. LTD.
Govt. Lic. No. 562/062/063
Basundhara-3, Kathmandu, Tel : 5903872, 5903873
Mobile : 9818216982,9803245895 9840093549
Email: info@rotaryoverseas.com, Web.: www.rotaryoverseas.com

## CYPRUS मा रोजगार | १. कम्पनी: ANSOT EMPLOYMENT SERVICES LIMITED

शहर : Cyprus
पूर्व स्वीकृत मितिः २०७९/०४/१६ — चलानी नं.: ६०१८४२८१ — LT. No.: 268528

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bartender | 3 | 3 | सम्बन्धित काममा दक्ष | 1296 | १,६७,५५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Housekeeping | 3 | 3 | | 970 | १,२५,४११ | | | | | | | |
| 3. | waiter | 4 | 4 | | 1183 | १,५२,९५० | | | | | | | |

२. कम्पनी: ANSOT EMPLOYMENT SERVICES LIMITED — शहर : Cyprus
पूर्व स्वीकृत मितिः २०७९/०४/१६ — चलानी नं.: ६०१८४२८३ — LT. No.: 268573

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cooks | 20 | 0 | स. काममा दक्ष | 900 | १,१६,३६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २४ गते (9 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ३५,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

मिराकल म्यानपावर प्रा. लि.
पो.ब.नं.: ५७२, सामाखुशी-२६, काठमाडौं, फोन: ४९५१००३
Email: manpowermiracle@gmail.com |
श्रम इजाजत नं. १२२३/०७४/०७५
Mob. No. 9802022331, 9841046696, 9802052771 | Web: www.manpowermiracle.com

## सम्पादकीय

# धार्मिक राजनीतिको अर्थ

पूर्वप्रधानमन्त्री एवम् नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली साउने सोमबार पारेर पशुपतिनाथको आरतीमा सहभागी भए । पशुपतिनाथको आरतीमा सहभागी हुने ओली दलबलसहित पुगेका थिए । त्यहाँ उनले धार्मिक कार्यमा सहभागिता जनाए । पशुपतिनाथको आरतीमा ओलीको सहभागितालाई चासोका साथ हेरिएको छ । यसअघि २०७७ माघमा पनि ओली पशुपतिनाथ गएका थिए । त्यहाँ ओलीले क्षमापुजा सहित सुनको जलहरी निर्माणको प्रतिबद्धता जनाएका थिए । एक अर्व लागतमा सुनको जलहरी निर्माणमा सरकारको ३० करोड र पशुपति विकास कोषको बाँकी रकम खर्च भएको छ । अझ अगाडि बढेर ओलीले चितवनको माडीमा राम मन्दिर स्थापना गरे । यी सबै कार्यले पूर्वप्रधानमन्त्री ओली हिन्दू मत तान्ने प्रयत्नमा रहेको देखाउँछ ।

धर्मको रोजाइ व्यक्तिगत स्वतन्त्रता हो । तर धर्म निरपेक्ष मुलुकका पूर्वप्रधानमन्त्री एवम् प्रमुख विपक्षी दलका अध्यक्षको धार्मिक झुकावलाई व्यक्तिगत स्वतन्त्रताका रूपमा मात्रै हेरिन मिल्दैन । किनकि पार्टी नेतृत्वको अनुशरण कार्यकर्ताले गर्दैनन् भन्ने हुन्न । यदि त्यसो भएमा धार्मिक रूझान दलको एजेण्डा बन्ने खतरा हुन्छ । जबकी नेपालको संविधान धर्म निरपेक्ष हो । धर्म निरपेक्ष संविधान कार्यान्वयन गर्न प्रमुख दल र सरकारको दायित्व हो । त्यो दायित्व भुलेर धार्मिक ग्रन्थ मार्गदर्शन बन्नुले मुलुकको कोर्स नै बदलिन सक्छ । अझ दक्षिण छिमेक भारतको प्रभाव यता सर्ने खतरा पनि उत्तिकै हुन्छ । अहिले भारतको सत्तारूढ दलले त्यहाँको बहुसंख्यक हिन्दूहरूको एजेण्डालाई प्राथमिकतामा राख्दा अल्पसंख्यक धार्मिक समुदायमाथि अन्याय बढेको छ ।

त्यही प्रवृत्ति नेपालमा सर्ने खतरा बढी हुन्छ । अध्यक्ष ओली सहित राजनीतिक नेतृत्वले त्यसतर्फ सोच्न आवश्यक छ । विगतका संघर्ष र राजनीतिक अभ्यासले पनि राजनीतिक नेतृत्वले संविधानको बाटो हिड्न जरूरी छ । यसको अर्थ धार्मिक कार्यबाट अलग हुने भन्ने होइन । तर धर्म विशेषको प्रचारलाई धार्मिक स्वतन्त्रताका रूपमा मात्रै भनेर पुग्दैन । यसले युगौदेखि सद्भावका साथ अगाडि बढेको समाजलाई विभाजित गर्ने खतरा बढी हुन्छ । केही दशक अगाडि नेपालगञ्जमा भएको धार्मिक द्वन्द्वको पाठ समेत नेतृत्वले भूल्न मिल्दैन । अझ बहुलतायुक्त समाज आफैमा समृद्धिका प्रतीक हुन् । राजनीतिक नेतृत्वले यसतर्फ ध्यान दिन जरूरी छ । धार्मिक एजेण्डा उठाउँदा भोट तान्न सकिएला, तर त्यो राजनीति दीगो र दीर्घकालीन भने होइन ।

# विश्वविद्यालय सेवा आयोगप्रति प्रश्न

*नेपालको उच्च शिक्षामा गरिएको आर्थिक लगानीका अनुपातमा प्रतिफल ज्यादै न्यून देखिन्छ । उत्तीर्ण दर खस्किँदो छ । कक्षा छाड्ने र अध्ययन चक्र पूरा नगर्नेको दर बढ्दो छ । उच्च शिक्षामा उत्तीर्ण भई बजारमा आउने संख्या धेरै कम हुनुले उच्च शिक्षाको लगानीको उपादेयतामा प्रश्न उठिरहेको छ ।*

अग्रलेख



● ईश्वरीप्रसाद पोखरेल

### भूमिका

आज उच्च शैक्षिक संस्था तथा विश्वविद्यालयहरू काम र कर्तव्यबाट बिमुख हुँदै गएका छन् । यी संस्थाहरु एक अर्थमा निकम्मा देखिएका छन् । संस्थाहरू बौद्धिकता र प्राज्ञिकताको उपहासका स्थल बनेका छन् । शैक्षिक क्षेत्र बेइमान तथा स्वार्थी राजनैतिक नेतृत्वको पकडमा जकडिएका छन् । शिक्षामा चरम राजनीतिकरण र भ्रष्टीकरणको संरक्षण नेतृत्व तहबाट हुँदा शिक्षण सिकाइ, अध्ययन, अनुसन्धान र सिर्जनशीलता ओझेलमा पुगेका छन् । स्वाभीमानी नेतृत्वबाट शैक्षिक संस्थाहरू विमुख हुँदै गएका छन् । राजनीति र पार्टीका जी, हजुरी र चाटुकारहरूको सजिलो गरी जागीर पड्काउने स्थल क्याम्पस र विश्वविद्यालयहरू बनिरहेछन् । सार्वजनिक सम्मानित सरकारी पदमा आसिनका नाताले मात्र विश्वविद्यालयको सर्वोच्च पदमा पुग्ने व्यवस्थाको व्यापक दुरूपयोग भएको छ । आज विश्वविद्यालयका सर्वोच्च पदाधिकारी कुलपति र सहकुलपतिको पदमा आसीन हुने प्रणाली व्यापक बदनाम छ ।

विश्वविद्यालयहरू प्राज्ञिक तथा प्राविधिक र दक्ष जनशक्ति उत्पादनमा पूर्ण असफल हुँदै गएका छन् । पछिल्लो उदाहरण त्रिविमा विगतमा चोरमार्गबाट आंशिक र करारमा जागिरे बनाइएका शिक्षकहरूलाई स्थायीका लागि त्रिवि सेवा आयोगमा निरन्तर सहभागी हुने अवसर दिइयो । प्रतिस्पर्धाको मौका प्राप्त हुँदा पनि सेवा आयोगको परीक्षामा निम्नतम अंक प्राप्त गरी उत्तीर्ण हुन असफल भएका तथा अयोग्यताको उपाधि पाएकालाई जागीरबाट हटाउनुको सट्टा पुरस्कार स्वरूप स्वतः स्थायी, प्रक्रिया पुऱ्याएर स्थायीको निर्देशन दिइन्छ । विश्वविद्यालयहरू अप्राज्ञिक तथा भद्दा निर्णय शिरोपर गर्दै त्यसैको कार्यान्वयनको मार्गमा लुरुलुरु हिँड्दछन् । यस्तो मुलुकमा विश्वविद्यालय शिक्षाको गुणस्तर तथा भविष्य के-कस्तो होला ? उच्च शिक्षाको आधार जग शिक्षक, प्राध्यापकको प्रवेश नै त्रुटीपूर्ण हुन्छ र शिक्षण सिकाइ नै असक्षम र अयोग्यको हातमा सुम्पिन्छ भने न्याय कहाँ खोज्ने ? विद्यालय तहको शिक्षण सेवाका लागि उत्पादित जनशक्ति कस्ता होलान् ? यसैले केही महिना अगाडिको माध्यमिक विद्यालय तहको सेवा आयोगको प्रारम्भिक परीक्षामा १२.१० उत्तीर्ण हुनु कुनै आश्चर्यको विषय रहेन ।

आज विश्वविद्यालयबाट उत्पादन हुने जनशक्तिमाथि प्रश्न ठडिएको छ । अयोग्यले अध्यापन गर्ने विश्वविद्यालयहरूबाट उत्पादित जनशक्तिको गुणस्तरलाई कमजोर भनिनु तथा कम संख्यामा उत्तीर्ण दर भयो भनी कसरी भन्न सकिन्छ र ? राजनैतिक तथा प्रशासनिक नेतृत्व तहबाट आफ्ना सन्तानहरूलाई लाखौं खर्च शुल्क तिरेर निजी शैक्षिक संस्थामा पढाउने सुविधा छ । लाग्दछ, सार्वजनिक पदाधिकारी वर्गलाई सार्वजनिक सरकारी शिक्षा प्रणालीको उत्थान र विकाससित के को चासो ? स्वार्थ पूरा गर्न र राजनीति गर्न नपाए केको पदमा बस्नू ? धन्न हाम्रा नेताहरूले सार्वजनिक पदमा बसेर विश्वविद्यालयका पदाधिकारी खाली हुन दिएका छैनन् । नेपाली जनतामाथि जुनसुकै तरिकाले भएपनि पदाधिकारी दिएको अर्थमा नेतृत्वलाई धन्यवाद दिनुपर्ने अवस्था छ । यिनै उच्च शिक्षा क्षेत्रका समसामयिक चुनौतीहरू बनेका छन् । यी पक्षमा चिरफार तथा उच्च शिक्षामा हुनुपर्ने व्यवस्थाका बारेमा विस्तृत धारणा लेखमा पस्किएको छ ।

### विश्वविद्यालयको विद्यमान अवस्था

नेपालको शिक्षा पद्धतिको गुणात्मकताको प्रमुख पक्ष उच्च शिक्षा, विश्वविद्यालय र शैक्षिक योग्यता, मानवीय संसाधन, पेसागत क्षमता, सीप र उपयुक्तताले निर्धारण गर्दछ । सञ्चालित ११ वटा विश्वविद्यालयहरू मातहतका एक सय ४७ आङ्गिक क्याम्पसमा प्रशिक्षण सहायकका पददेखि प्राध्यापकसम्मका पदमा १० हजार २०७ तथा वरिष्ठ अधिकृतदेखि सहायक कर्मचारीहरूसम्म १० हजार ०३० जना गरी २० हजार २३७ जनशक्तिको दरवन्दी व्यवस्था गरिएको छ । सामुदायिक लगानीका पाँच सय ३६ र निजी लगानीका प्राइभेट सात सय ४९ क्याम्पस गरी एक हजार २८५ वटा



*शिक्षामा चरम राजनीतिकरण र भ्रष्टीकरणको संरक्षण नेतृत्व तहबाट हुँदा शिक्षण सिकाइ, अध्ययन, अनुसन्धान र सिर्जनशीलता ओझेलमा परेका छन् । स्वाभीमानी नेतृत्वबाट शैक्षिक संस्थाहरु विमुख हुँदै गएका छन् । राजनीति र पार्टीका जी, हजुरी र चाटुकारहरुको सजिलो गरी जागीर पड्काउने स्थल क्याम्पस र विश्वविद्यालयहरु बनिरहेछन् ।*

कलेजहरूमा के कति जनशक्ति कार्यरत छन् ? कुनै अध्ययन र अभिलेख छैन । ती सबै क्याम्पसमध्ये एक हजार एक सय ४४ (७९.६१ प्रतिशत) त्रिविसँग मात्र आबद्ध छन् । विद्यार्थी संख्या चार लाख ६६ हजार ८२८ मध्ये आङ्गिक क्याम्पसमा ३५.८ प्रतिशत, निजीमा ३५.६८ प्रतिशत र सामुदायिकमा २८.५२ प्रतिशत अध्ययनरत छन् । कुल विद्यार्थीमध्ये त्रिविमा मात्र ३ लाख ५६ हजार ६५४ (७६.४ प्रतिशत रहेको छ । देशभरमा तीन सय ४९ वटा क्याम्पसहरूमा स्नातकोत्तर तहको अध्ययन अध्यापन हुन्छ ।

शिक्षाको विद्यमान विद्यार्थी अवस्था अध्ययनमा व्यवस्थापनतर्फ आठ सय ७२ क्याम्पस तथा ४३.४३ प्रतिशत विद्यार्थी, शिक्षाशास्त्र पाँच सय ६९ क्याम्पस तथा १९.१० प्रतिशत विद्यार्थी, मानविकी तथा समाजशास्त्र ३७३ क्याम्पस तथा १२.६१ प्रतिशत विद्यार्थी, विज्ञान तथा प्रविधि एक सय ३२ क्याम्पस तथा ८ प्रतिशत विद्यार्थी, इन्जिनियरिङ्ग ४८ क्याम्पस तथा ६.३८ प्रतिशत विद्यार्थी, मेडिसिन ८२ क्याम्पस तथा ५.९५ प्रतिशत विद्यार्थी, कानुनशास्त्र १३ क्याम्पस तथा २.०९ % विद्यार्थी, तथा कृषि २५ क्याम्पस तथा १.१७ प्रतिशत विद्यार्थी, यी आठ विषय क्षेत्रका अतिरिक्त ०.५० प्रतिशतको हाराहारीमा विद्यार्थी अध्ययनरत संस्कृतका १६ क्याम्पस, बौद्धदर्शन ६, आयुर्वेद ६ , वनविज्ञान ६ तथा कृषि तथा पशु र फिसरी १ क्याम्पसमा सिमित विद्यार्थीहरू अध्ययनरत रहेकोले पहुँच सेवासुविधा साह्रै संकोचित देखिन्छ ।

